# पल्लो किराँतको चैनपुर : एक महत्त्वपूर्ण ऐतिहासिक प्रदेश

-रमेश ढुंगेल

पूर्वी नेपालको पल्लो किराँत अरूण उपत्यकामा फैलिएको चैनपुरको इतिहासको खोजी गर्नु नेपालको राष्ट्रिय इतिहासको अध्ययनलाई पूर्णरूप दिनका निमित्त आज अत्यन्त आवश्यक देखिन आएको छ । नेपाल राष्ट्रको निर्माण अभियानमा चैनपुर प्रदेशमा घटेका ऐतिहासिक घटनाहरूको राम्रो अध्ययन हुनसकेको खण्डमा नेपालको इतिहासमा गौरवपूर्ण पानाहरू अरू थपिन जाने कुरा अहिलेसम्म प्रकाशित कतिपय ऐतिहासिक स्रोतबाटै पनि स्पष्ट हुन आएको छ । त्यसै हुनाले यहाँ नेपालको इतिहासका त्यस्ता गौरवपूर्ण पाना बोकेर रहेको चैनपुर इलाका (प्रदेश) को हराउन लागेको इतिहासलाई थोरै मात्र भए पनि प्रकाश पार्ने जमर्को गर्न लागिएको हो । यसलाई पूर्ण रूप दिनका निमित्त भने एउटा छुट्टै ग्रन्थ नै जन्माउनु पर्ने देखिन्छ । यस सन्दर्भमा सर्वप्रथम अघि अघि कुन र कति क्षेत्रलाई चैनपुर भनिन्थ्यो भन्ने विषयमा जानकारी लिन त्यस भेकको ऐतिहासिक भूगोलको साधारण चिनारी गर्नु आवश्यक हुन्छ । त्यसैले पहिले त्यसै विषयमा सक्षेपमा लेखाजोखा गरौं ।

अघि-अघि सेन राजाका पालामा चैनपुरलाई पूर्वको किराँत प्रदेशको चयनपुर भनिन्थ्यो । यस प्रदेशमाथि सिक्किमको प्रभाव रहेका वखत पूर्वको सुखिम चयनपुर भनेर पनि उल्लेख भएको पाइन्छ । पछि नव नेपालको निर्माण भएर पूर्वदेखि पश्चिमसम्म संख्यात्मक हिसाबले नेपालको प्रशासनिक क्षेत्र विभाजन र रेखाङ्कन हुँदा पूर्व ६ नं. चयनपुर इलाकाको रूपमा यसले मान्यता पायो । पञ्चायत व्यवस्थाको सूत्रपात भएपछि नयाँ प्रशासनिक क्षेत्र विभाजन र नामकरण हुँदा पहिलेको चयनपुर इलाका अन्तर्गतका पश्चिम-उत्तरको केही भू-भाग (सबै होइन) लाई समेटेर त्यस भेकका दुई ठूला नदीको नाममा यसको नयाँ नामकरण 'संखुवा-सभा' जिल्लाको रूपमा भयो । त्यसै हुनाले खासगरी वर्तमान संखुवा-सभा जिल्ला र त्यसभन्दा पूर्व र दक्षिणको केही भूभागको इतिहास समेत चयनपुरको इतिहासभित्र पर्दछ । नेपालमा राणा शासन शुरू हुनुअघिसम्म सुदूर पूर्वी नेपालका दुई प्रमुख शासन केन्द्रमध्ये वर्तमान चैनपुर नै एक थियो । पल्लो किराँत इलाका सम्पूर्णको शासन केन्द्र यसैलाई बनाइएको थियो । यही चैनपुर केन्द्रबाट शासन चल्ने अर्थात् चैनपुर केन्द्र अन्तर्गत पर्ने सम्पूर्ण प्रदेशलाई पूर्व ६ नं. चैनपुर इलाका भन्ने चलन चलेको हो । यसरी त्यस वेला दक्षिण तराईतर्फ मोरङ्गको शासन केन्द्रको रूपमा विजयपुर (धरानको) र उत्तर अरूण प्रदेशकै उत्तर पहाड तर्फको केन्द्रको रूपमा चयनपुर रहेका थिए । त्यसैले एकीकरणताकादेखि राणाकाल शुरू नहुञ्जेलसम्म पनि सुदूर पूर्वमा विजयपुरपछि एकैचोटि चैनपुर मात्र सरकारी केन्द्रको रूपमा रहेको थियो । तिनताका वर्तमान धनकुटामा साधारण बस्ती भएको र १-२ पाटी-पौवाको व्यवस्थासम्म भएको जानकारी अभिलेखिक स्रोतबाट पाइए तापनि धनकुटा भन्ने नामकरण समेत भैसकेको देखिदैन । त्यसै हुनाले पश्चिममा अरूण नदीले छिनेको,

पूर्वमा सिक्किमको सिमानासम्म, उत्तरमा तिब्बतको सिमानासम्म र दक्षिणमा विजयपुर (मोरङ्ग) को सिमानाले छिनेको (वर्तमान धनकुटा जिल्लाको झण्डै आधा जति उत्तरी भाग समेत) यति सम्पूर्ण भू–भागलाई चयनपुर इलाकाभित्रको पारी प्रशासनिक केन्द्र यसै चैनपुरलाई बनाइएको थियो र इलाकाको नाम पनि केन्द्रकै नामबाट चयनपुर नै राखिएको थियो। यी सबै धारणालाई तल प्रस्तुत गरिने ऐतिहासिक विवेचनामा प्रमाण सहित पुष्टि गरिनेछ। त्यसैले अब चैनपुर भेकको प्राचीनता केलाउँदै त्यसको ऐतिहासिक सर्वेक्षणतर्फ लागौं।

चैनपुर भेकको प्राचीनता मानव बसोबास र शासन व्यवस्थाका हिसाबले कति पुरानो हो भन्ने कुरा साधारण सर्वेक्षणका आधारमा मात्र किटान गरेर भन्न सकिदैंन। यो प्रदेश किराँतहरूले बसोबास गरेको इलाका हो भन्ने कुरा चाहिं स्पष्ट नै छ। किराँतहरू झण्डै २००० वर्ष जति पहिलेदेखि नै पूर्वको कोशी प्रदेशमा बसोबास गर्दै रहेको तथ्य इतिहासमा पाइएको छ। नेपालको केन्द्र (काठमाडौं उपत्यका) मा लिच्छविहरूको प्रवेश भएपछि उपत्यकामा शासनरत किराँत राजाहरूले हारेर पूर्वतर्फ लागेको कुरा नेपालका वंशावलीहरूमा पढ्न पाइन्छ। नेपालको प्रसिद्ध गोपाल राजवंशावलीमा बत्तीस जना किराँत राजाहरूले राज्य गरेपछि तिनलाई जितेर सूर्यवंशी, लिच्छविवंश चल्यो र उक्त किराँतहरू भने तामाकोशी र अरूण कोशीतर्फ बस्तछन् भन्ने स्पष्टै चर्चा परेको छ।[1] यस आधारबाट किराँतहरू लिच्छविहरूसंग हारेर पूर्वतर्फ लागेका हुन् भन्ने कुरा स्पष्ट हुन्छ। गोपाल वंशावलीको अन्तिम लेखन कार्य चौधौं शताब्दीमा भएको हुनाले किराँतहरू पहिलेदेखि नै पूर्वतर्फ लागेका थिए र त्यस बेलासम्म त्यतै थिए भन्ने वंशावलीको वर्णन विश्वसनीय मान्नु पर्दछ।

लिच्छविभन्दा पहिले किराँतहरूको बसोबास उपत्यका र आसपासका इलाकामा भएको संकेत लिच्छविकालका अभिलेखमा उल्लेखित किराँत भाषासंग सामञ्जस्य राख्ने स्थान, नदी–नाला, पहाड, व्यक्ति, प्रशासनिक पद तथा अड्डा–अदालत आदिका नामबाट मिलेको छ।[2] लिच्छवि अभिलेखमा 'किराँत' शब्दकै प्रयोग भएको उदाहरण पनि पाइएको छ।[3] यसरी किराँत राजाहरू उपत्यकामा हार खाएर पूर्वतर्फ लागेपछि पूर्वकै कोशी प्रदेशमा ठाउँ–ठाउँमा आ–आफ्ना सामन्त प्रदेशहरू खडा गर्दै राज्य गर्दै रहेका र पछि केन्द्रका लिच्छवि शासकहरूलाई नै हाँक दिने अवस्थामा पुग्न थालेका सांकेतिक प्रमाण पनि लिच्छवि अभिलेखकै वर्णनबाट पाइएको छ। राजा मानदेवको चांगुनारायणस्थित अभिलेखमा 'पूर्वका शठ राजाहरू' ले स्वतन्त्र हुनलाई विद्रोह गरेको र तिनलाई सैनिक नै पठाएर मानदेवले दबाई काबुमा राख्नु परेको स्पष्टै वर्णन परेको छ।[4] यी मानदेवद्वारा काबुमा राखिएका शठ राजा भनेका किराँतहरू नै हुनु पर्दछ भन्ने इतिहास अन्वेषकहरूको धारणा रहेको छ।

यस किसिमले लिच्छविहरूको नेपाल प्रवेशपछि विस्तार–विस्तार उपत्यकाबाट लाखापाखा लाग्ने क्रममा पूर्वतर्फ (संभवत: तिनताका जङ्गला मुलुक) पसेका किराँतहरू नेपालको यस सुदूर पूर्वी अरूण उपत्यका अर्थात् चैनपुर भेकसम्म जङ्गल फाँड्दै बस्ती गुल्जार र आवाद गर्दै पुगेको हुनु पर्दछ। यस आधारबाट हेर्दा चैनपुर भेकमा पनि किराँतहरू १५ सय वर्षभन्दा अगाडिदेखि नै बस्न थालेका थिए भन्न सकिन्छ। तिनताका किराँतहरूले

---

१. **गोपालराजवंशावली**, पत्र संख्या १८ ख र १९ ख।

२. धनबज्र बज्राचार्य, "लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव", **पूर्णिमा**, पूर्णाङ्क १७, (वि. सं. २०२५, असार), पृ. १-८।

३. धनबज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं, नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०, पृ. ३७४, अ. संख्या ९१।

४. त्यही, पृ. १२–१३ (मूक), पृ. १५–१६ (अनु.)

पूर्वतर्फ आवाद गुल्जार गरेर आ–आफ्ना सामन्त राज्यहरू खडा गरी केही शक्तिशाली बन्न पुगे तापनि केन्द्रमा शासनरत् लिच्छविहरूको बढ्दो शक्तिको अगाडि किराँत प्रदेशले स्वतन्त्र अस्तित्व कायम गर्न भने बिलकूलै संभव थिएन । त्यसैको प्रमाणको रूपमा चांगुनारायणको उपर्युक्त अभिलेखलाई लिनु पर्दछ । तापनि केन्द्रबाट टाढा, अप्ठेरो पहाडी र जङ्गलै जङ्गल भएको ठाउँ भएबाट केन्द्रका शासकलाई वार्षिक क्षिर्तो तथा कोसेलीपात बुझाएपछि एक किसिमले स्थानीय शासनका निमित्त किराँत सामन्त राजाहरू स्वतन्त्र जस्तै हुन्थे भन्न बाँहि सकिन्छ ।

नेपालमा लिच्छविहरूको अवसानपछि अर्थात् नवौं शताब्दीताकादेखि नेपाल विखण्डन हुने स्थिति देखा पर्न थाल्यो । विस्तार–विस्तार मध्यकालको पूर्वार्द्धदेखि नै विखण्डनको युग शुरू भयो । पहिले पश्चिमको कर्णाली प्रदेशमा नागराजदेखि शुरू भएको एउटा नयाँ शक्ति देखा पर्‍यो । यस वंशका राजाहरूले पछि पछि नामको अन्त्यमा मल्ल जोडेको देखिन्छ । पश्चिम नेपाल लगायत महाकाली पारका कुमाऊ गढवाल लगायत पश्चिम तिब्बतको अधिकांश भाग समेतलाई आफ्नो अन्तर्गत पारेर एउटा सानो साम्राज्य नै खडा गर्न यिनीहरू सफल भए ।[5] दक्षिणतर्फ कर्णाटवंशी (उपत्यकामा यिनलाई डोय भनिन्थ्यो) राजाहरूले सिमरावनगढ (सिम्रौनगढ) मा राजधानी र किल्ला बनाई एउटा बलियो तिरहुत राज्य खडा गरे ।[6] उपत्यकामा पनि पहिले लिच्छविहरूसंग नै सम्बन्धित राजाहरू र पछि पहिलो मल्लवंशी शासकहरू देखा परे । यसरी खासमा पूर्वमध्यकालमा नेपाल विखण्डन भएर त्रि–शक्तिमा विभाजन हुन पुग्यो । यो अवस्था ३।४ शताब्दीसम्म मात्र कायम रह्यो । भारतमा मुसलमानी शक्तिको प्रादुर्भावपछि विस्तारै वि. सं. १३८१ मा मुगल वादशाह गयासुद्दीन तुगलकको आक्रमणको कारण सिम्रौन गढको पतन भयो । तिरहुतमाथि मुसलमान शक्तिको अधिकार कायम हुन पुग्यो र तिरहुतको अस्तित्व मेटियो । विस्तार–विस्तार पश्चिमको खश मल्ल राज्य पनि विखण्डन हुनेतर्फ लाग्यो । उपत्यकामा पनि सम्पूर्ण नेपाललाई समेट्ने शक्तिको उदय हुन सकेन । उल्टै पछि ती उपत्यका समेत टुक्रिएर तीन स–साना राज्यमा विभाजित हुन पुग्यो । यसै अवस्थाको फलस्वरूप पूर्व–पश्चिममा नयाँ नयाँ स–साना राज्यहरू बन्न थाले । यसै क्रममा पाल्पा र मकवानपुर भेकमा सोह्रौं शताब्दीमा आएर बलियो सेन राज्य खडा भयो । यो सेन राज्य फैलँदै काठमाडौं उपत्यका र त्यसको आसपासको इलाकालाई छाडेर दक्षिण तर्फबाट पूर्वमा सम्पूर्ण कोशी प्रदेशलाई अधिकार गर्दै मोरङ्ग विजयपुरसम्म पुगेर सिक्किमसंग साँध जोड्न पुग्यो । यो सेन राज्य पनि पछि टुक्रिएर पूर्वको सेनराज्य मकवानपुर र पश्चिममा पाल्पा समेत अरू केही राज्यहरू बने । यही पूर्वका मकवानपुरे सेन राजाहरूले नै पूर्वमा सम्पूर्ण कोशी प्रदेशमा एकपल्ट अधिकार गरेका थिए । त्यसैले वल्लो, पल्लो र माझ किराँतमा समेत सम्पूर्ण किराँत प्रदेशमाथि मकवानपुरका सेन राजाहरूले आफ्नो प्रभाव राख्न सफल भएको संकेत पाइन्छ । मकवानपुरका राजा लोहाङ सेनले नै विजयपुर समेत दखल गरिसकेका थिए ।[7] लोहाङ सेनका नाति हरिहर सेनका शासनकालसम्म मकवानपुर राज्य दुई शक्तिमा खण्डित भैसकेको हुनाले यिनै मकवानपुरे सेनहरूले पल्लो किराँतका हाङहरूलाई समेत आफ्नो प्रभावभित्र राखेको हुनु पर्दछ । वि. सं. १७३३ को पल्लो किराँतको चैनपुर भेकका आंवाजा, फेआप, नपुरान आदि लिम्बू नायक हाङहरूका

५. धनबज्र बज्राचार्य, "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा", **कर्णाली प्रदेश : एक बिटो अध्ययन**, (संपा.) भीमप्रसाद श्रेष्ठ, जुम्ला : सामाजिक अध्ययन समुदाय, वि. सं. २०२८ ।

६. सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**, काठमाडौं : रोयल नेपाल एकेडेमी, वि. सं. २०१९, पृ. ३०–३१ ।

डि. आर. रेग्मी, **मेडिएवल नेपाल पार्ट वन्**, कलकत्ता : के. एल. मुखोपाध्याय, ई. १९५६, पृ. २६६ ।

७. बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, भाग ३, काठमाडौं : प्रमुख सम्बाद सचिवालय, राजदरबार, वि. सं. २०२५, पृ. ३९७ ।

नाउँमा लगतपुरी (?) मुकामबाट जारी भएको सेन राजाको एउटा आधिकारिक श्याहा मोहर प्राप्त भएको छ।[8] यो मिति मकवानी राजा हरिहर सेनको शासनकालको भएको हुनाले त्यस बेला वा त्योभन्दा पनि पहिलेदेखि सेनहरूको अधिकार वल्लो किराँत, माझ किराँतभित्र मात्र नभएर पल्लो किराँतसम्म नै कायम भएको कुरा स्पष्ट हुन्छ। पूर्वतर्फको यो सेन राज्य पनि हरिहर सेनको शासनकालपछि दुई भागमा खण्डित हुन पुग्यो। मोरङ्ग-तर्फ विजयपुर राजधानी गरेर छुट्टै राज्य बनेको देखिन्छ। हरिहर सेनका छोरा शुभसेन मकवानपुरको पुरानो राजधानीमा बसेर त्यस भेकको तराई र केही पहाडी इलाकामाथि समेत शासन गर्न थाले। उता शुभ सेनका काका विधाता इन्द्र सेनले विजयपुरको नयाँ राजदरबारमा बसेर मोरङ्ग इलाका र त्यस भेकको पहाडी प्रदेशतर्फको शासन चलाउन थाले।[9] पछि विजयपुरमा पनि मकवानी राजा शुभ सेनका एक भाइ छोरा राजा भएको देखिन्छ। वि. सं. १७६३ मा शुभ सेनका दुई छोराहरूबीच विजयपुर र मकवानपुरका इलाकाको भागबण्डा हुँदा कोशी नदीदेखि पश्चिमपट्टिका प्रदेशका साथै पर्सासम्मका भू-भागहरू मकवानपुरमा र कोशी पूर्व र टिष्टासम्मको प्रदेश विजयपुरमा परेका थिए।[10] यसपछि उत्तरतर्फ अरूण पूर्वका सिङलेला पहाडसम्म दश लिम्बुवान र त्यसभन्दा दक्षिण पूर्वपट्टि माईखोला आदि उपत्यका क्षेत्रका इलाम-तर्फका लिम्बूवान इलाकामाथि समेत विजयपुरका सेनको राजनीतिक अधिकार कायम हुन पुग्यो। यसरी खम्बूहरूले बसोबास गरेको वल्लो किराँत (सुनकोशी पूर्व दूधकोशीसम्मको अधिकांश भू–भाग), माझ किराँत (दूधकोशी पूर्व र अरूण पश्चिमको भू–भाग) तथा यो दशलिम्बूवान इलाका अर्थात् पल्लो किराँत समेत सम्पूर्ण नौ लाख किराँत प्रदेश माथि पूर्वका सेनहरूले अधिकार गर्न सफल भएको देखिन्छ।[11]

यस किसिमले सेन राजाहरूको राजनीतिक अधिकार आदर्शको रूपमा किराँत प्रदेशमा कायम भए तापनि त्यस क्षेत्रका स्थानीय सामन्तको रूपमा पहिलेदेखि नै पुस्तैनी रूपमा कार्यरत किराँत दीवान राय तथा हाङहरूको नै स्थानीय शासनमा हात हुन्थ्यो। त्यसैले हिन्दूपति सेनहरूलाई राजा माने तापनि किराँतहरूको आफ्नै किसिमको परम्परागत शासन चल्दथ्यो। पल्लो किराँतमा पनि लिम्बूहरूका दस जना दलपति 'हाङ्ग' हरूले नै वास्तविक शासन चलाउँथे। त्यसै हुनाले पल्लो किराँतलाई दस लिम्बूवान भनिने चलन चलेको हो। तिनताका नै उत्तर दक्षिणको व्यापार मण्डी र बाटोघाटोका हिसाबले चयनपुर पल्लो किराँतका किराँतहरूको मुख्य केन्द्र थियो र त्यहाँ भंसार, चौकी आदि किराँतका आफ्नै हिसाबले चल्ने अड्डा पनि राखिएका थिए भन्ने कुरा

---

८. यो श्याहामोहर यस लेखका अन्वेषकले संखुवा–सभा, चैनपुर मैदानेका सु. दिलनारायण फागोको घरमा २०४५ सालको स्थलगत अध्ययनको क्रममा उहाँकै सौजन्यबाट प्राप्त गरेको हो। प्रतिलिपि र फोटो प्रति हाल अन्वेषकसंग भए तापनि मूल प्रति उहाँसंगै रहेको छ।

९. आचार्य, पूर्ववत्, टिप्पणी संख्या ७, पृ. ३९८।

१०. त्यही, पृ. ६०१–२।

११. अघि–अघि सम्पूर्ण किराँत प्रदेशलाई नौ लाख किराँत इलाका भनिन्थ्यो। जनसंख्या तथा परिवार संख्याका आधारमा तीन राज्य तथा प्रदेशलाई उल्लेख गर्ने परिपाटी नेपालमा अघि–अघि निकै लोकप्रिय थियो। जस्तै– गोरखालाई १२००० गोरखा, पाल्पालाई २६ हजार पाल्पा, पर्वतलाई ८ हजार पर्वत आदि। त्यसै हिसाबले किराँत प्रदेशलाई पनि ९ लाख भनिएको हो (वि. सं. १८३० मा काजी अभिमान सिं बस्न्यात र पारथ भंडारीहरूले खार्पाका हरिनन्द पोखरेललाई लेखेको पत्रमा समेत पुराना धेरै लेखोटहरूमा किराँत प्रदेशलाई ९ लाख भनिएको पाइन्छ)।

स्थानीय लोकोक्ति र परम्पराबाट जानकारी मिल्दछ ।[11]क विजयपुरका यी सेन राजाहरूले मुख्य मन्त्री अर्थात् चौतारा दीवानको रूपमा पनि पुस्तैनी अधिकारवाला लिम्बू नायकलाई नै मान्यता दिएका थिए। यिनै दीवान चौताराको आदेशमा हाङहरू चल्ने हुनाले सेनहरूको अधिकार सम्पूर्ण किराँत प्रदेशमा स्वीकारेको थियो । तर कहिलेकाहीं यी दीवान चौतारा र सेन राजाहरू बीच झगडा पनि हुने गर्दथ्यो। त्यसो हुँदा राजा कमजोर हुन पुग्दथे । त्यस्तो बेला छिमेकको सिक्किमले पहाडी इलाकाका हाङहरूमाथि आक्रमण गरेर कहिलेकाहीं त पल्लो किराँतका कतिपय प्रदेशलाई सिक्किम अन्तर्गत पार्न समेत सफल हुन्थ्यो । राजा र भारदार तथा मन्त्रीबीच झगडा भएपछि राज्य कमजोर हुन पुग्नु स्वाभाविकै हो । त्यस्तै अवसर पाएर शत्रु पक्षबाट आक्रमण हुनु पनि स्वाभाविक प्रक्रिया नै हो। यस्तै मौका पारेर हुन सक्छ वि. सं. १७२७–५० बीचमा कुनै वर्षमा सिक्किमका राजा तेन्–सुङ नम्–ग्याल्ले एकपल्ट पल्लो किराँत इलाकामा आक्रमण गरी लिम्बू हाङलाई समेत मारेर लुटपिट मचाएका थिए । यस कुराको चर्चा सिक्किमका राजा सर्–थु–तोव् नम् ग्याल्ले ई. १९०८ मा लेखेको सिक्किमको इतिहासमा परेको कुरा सिक्किमको इतिहास विषयमा लेखिएका धेरैजसो पुस्तकहरूमा पढ्न पाइन्छ । यस आक्रमणको घटनाले 'सिक्किम' नामको नामकरण हुनमा नै अप्रत्यक्ष भूमिका खेलेको चर्चा पनि पाइन्छ । त्यसैले पल्लो किराँत चैनपुर इलाकाको इतिहासको अध्ययनको क्रममा पनि यस घटनालाई विशेष महत्त्व दिनु परेकोछ ।

सिक्किम (तात्कालिक डे जोङ) का भोट कूलका दोस्रो राजा तन्–सुङ नम्–ग्याल्का समयमा[12] भएको अरूण उपत्यकाको किराँत प्रदेशमाथिको आक्रमणको यस घटनाका विषयमा विभिन्न लेखक, अन्वेषकहरूले बेग्लाबेग्लै ढङ्गले प्रस्तुत गरेको पाइए तापनि यी राजा तन्–सुङका तीन जना रानीमध्ये एउटी रानीचाहिं यस अरूण उपत्यकाका सामन्त नायक यामो हाङ्ग वा योङ्ग–योङ्ग हाङ्गकी छोरी थिइन् भन्ने कुरामा चाहिं एकमत देखिन्छ । यिनै किराँत हाङकी कन्याका साथमा अरूण उपत्यकाका अरू सात जना साधारण लिम्बू कन्याहरू पनि सिक्किम पुऱ्याइएका र तिनीहरूको पनि विवाह सिक्किमका काजी तथा भारदारहरूसंग भएको थियो भन्ने चर्चा राजा थु–तोव नम्–ग्याल्ले लेखेको उक्त सिक्किमको इतिहासमा उल्लिखित भएको पाइएको छ ।[13] यस घटनाको बारेमा विभिन्न लोकोक्तिहरू पनि अहिलेसम्म चलिरहेकै छन् । यस्ता लोकगाथाहरूमा यिनै अरूण उपत्यकाका लिम्बू कन्याहरूको नयाँ घर भन्ने अर्थमा डे–जोङ(ऽव्रस्–ल्जोङस्) भनिने यस देशको नाम 'सुहीम' रहेको र पछि यही लिम्बू भाषाको 'सुहीम' अर्थात् नयाँ घरबाट सुखीम नाम हुन गएको हो भन्ने विवरण पाइन्छ । पछि भारतमा अंग्रेजहरू आएपछि त्यही लिम्बू भाषाको सुखीमलाई अंग्रेजीकरण गरेर 'सिक्किम' बनाइएको देखिन्छ ।[14]

---

११ क. चैनपुर बजारको पुछारको चौतारा समेत भएको ठाउँलाई हाल दारे गौंडो भनिन्छ । यसको पुरानो नाम डाँडे गाँडो थियो । त्यहाँ भोटे, सिक्किमेहरूले अधिकार गरेका बेला अन्यायपूर्वक दण्ड गर्ने (डाँड्ने) भएकोले उक्त ठाउँलाई डाँडे गौंडो भनिएको हो भन्ने भनाइ छ । यस आधारबाट त्यहाँ शायद किराँतकालदेखि नै चौकी रहेको प्रतीत हुन्छ । वर्तमान प्रहरी चौकी पनि त्यहीं रहेको छ ।

१२. तन–सुङ नम्–ग्याल सिक्किमको भोटवंशका पहिला राजा फुन्–छोग् नम्–ग्याल् (ई. सं. १६०४–१६७०) का छोरा थिए । यिनको जन्म ई. सं. १६४४ (वि. सं. १७०१) मा र राज्यारोहण २६ वर्षको उमेरमा ई. सं. १६७० (वि. सं. १७२७) मा भएको मानिन्छ (धरणीधर दहाल, **सिक्किमको राजनीतिक इतिहास**, पृ २६–२७) । त्यसै हुनाले चैनपुर भेकमा उनले गरेको किराँत सरदारहरूसंगको युद्ध वि. सं. १७२७ पछिको मान्नुपर्ने हुन्छ ।

१३. कुमार प्रधान, **पहिलो पहर**, दार्जीलिङ्ग : श्याम प्रकाशन, ई. १९८२, पृ. ८ ।

१४. त्यही ।

यसरी मौका पर्नासाथ सिक्किमले पल्लो किराँत-माथि आक्रमण गरी दुःख दिन्थ्यो। सिक्किमका राजा तन्–सुङ नम्–ग्याल्का सैन्यले पनि हाङहरूलाई हराई लिम्बू कन्याहरूलाई सिक्किम पुऱ्याएका हुन्। यस किसिम-ले सिक्किम राज्यको नाम समेत यस अरूण उपत्यका अर्थात् चैनपुर इलाकासंग सम्बन्धित देखिन्छ।

यो घटना घटेको समयसम्ममा पल्लो किराँत समेत सेन राजाहरू अन्तर्गत भैसकेको सप्रमाण चर्चा माथि गरियो। यस आधारमा लिम्बूका हाङहरू सामन्त शासक भएपनि सेन अन्तर्गत भएका हुनाले सिक्किमी राजाको प्रतिरोध सेनहरूबाट हुनु पर्ने हो भन्ने स्वाभाविक अनुमान हुन्छ। अर्कोतर्फ उक्त घटनाभन्दा पछि गोरखाली सैन्यले पल्लो किराँत र विजयपुर विजय नगरुन्जेलसम्म पनि उक्त प्रदेशमाथि विजयपुरका सेन अन्तर्गतका लिम्बूहरूकै अधिकार कायम रहेको देखिन्छ। त्यसैले सिक्किमको यो आक्रमण सेन राजा, लिम्बू दीवान र नायकहरूबीच झगडा परेका बखत मौका छोपेर गरिएको क्षणिक रूपको मात्र थियो भन्ने अनुमान हुन्छ। यस्तै किसिमको आक्रमण पछि विजयपुरका राजा कामदत्त सेन र उनका शक्तिशाली दीवान श्रीकान्त राय र जसकर्ण रायका पालामा राजा र दीवान बीच झगडा हुँदा पनि सिक्किमले गरेको थियो। पछि विजयपुरका अर्का शक्तिशाली दीवान बुद्धिकर्ण राय र कामदत्त सेनको पनि बेमेल र झगडा भई बुद्धिकर्ण भागेर भारतको सिमाना नजिकको पूर्णियाँ भन्ने ठाउँमा गई बसेका थिए। यस्तो मौका छोपी सिक्किमले इसलिम्बा र च्याङथापु भेक अर्थात् वर्तमान इलाम प्रदेशलाई आफ्नो राज्यमा मिलाई त्यसभन्दा पश्चिम उत्तरको चैनपुर भेकमा पनि आक्रमण गरेर लिम्बू हाङहरूलाई हैरान गराएको थियो।[15]

यो अवस्था पनि क्षणिक नै रह्यो। दीवान बुद्धि-कर्णले पूर्णियामा बसेकै समयमा भित्री षडयन्त्र गरी राजा कामदत्त सेनको वि. सं. १८२६ मा हत्या समेत गराएका थिए। त्यसपछि कामदत्तका काका रघुनाथ सेनले केही समय विजयपुरको शासन चलाएपछि बुद्धिकर्णले चौदण्डी-का राजा कर्ण सेनलाई बोलाएर विजयपुरको समेत राजा बनाए। चौदण्डीको व्यवस्था भने दीवान अजित रायको मातहतमा चलेको देखिन आएको छ।[16] तर अब बुद्धि कर्णले वा कर्णसेनले सिक्किमले लिएको इलाम समेत इसलिम्बा च्याङ थापु इलाका फिर्ता लिन सकेनन्। खाली बाँकी किराँत प्रदेशमा मुश्किलले हाङहरूलाई आफूतर्फ आकर्षित गराई राजनीतिक प्रभाव कायम गर्न सफल भएका थिए। तैपनि त्यस बेला चैनपुर इलाकासम्म सिक्किमले दुःख दिइरहेकै थिए। त्यसै हुनाले पछि विज-यपुरमाथि गोरखाली सेनाले वि सं. १८३१ श्रावणमा दखल जमाउनासाथ दस लिम्बूवानका लिम्बूहरू मुख्य केन्द्र चयनपुर (चैनपुर) मा भेला भई गोरखाका पूर्व विजय अभियानमा खटिएका चौदण्डी जित्दै अगाडि बढेका सेनापति रामकृष्ण कुँवरलाई निम्त्याई नेपालको अधिकार स्वीकार गरे। विजयपुर जितेपछि त्यहाँ रहेका नेपाली सैनिकलाई लिएर अर्का सेनापति अभिमान सिंह बस्नेत पनि पल्लो किराँत पुगे। लिम्बू हाङहरूलाई पहिलेदेखि नै हैरान लगाइरहेका र विजयपुर समेत गोर-खालीको हातमा गइसकेको हुनाले पल्लो किराँतका यी १० हाङ अर्थात् लिम्बू सरदारहरूले विना युद्ध नै चयन-पुरको अधिकार गोरखालीलाई सुम्पिएको देखिन्छ। चयनपुर सजिलै दखल भएपछि तमोर नदीसम्म नेपालको सिमाना कायम हुन पुग्यो। त्यसपछि सिंगलेला पहाडदेखि पश्चिमपट्टिका इसलिम्बा र च्याङथापुसम्मका लिम्बू

१५. आचार्य, पूर्ववत्, टिप्पणी संख्या ७, पृ. ६०७–८।

१६. मकवानपुरबाट अलग्गिएर विजयपुर नयाँ सेन राज्य बनेको चर्चा माथि गरियो। पछि फेरि दूधकोशीदेखि अरूणसम्मको खम्बू किराँतहरूको बस्ती भएको माझ किराँत र सिन्धुलीदेखि पूर्व उदयपुर र त्यसदेखि दक्षिण तर्फ केही तराई भाग समेत समेटेर मकवानपुरबाट टुक्रिएर अर्को सेन राज्य चौदण्डी केन्द्र बनाई खडा भएको थियो। यस राज्यको राजधानी रहेको ठाउँ नै चौदण्डी भएकोले राज्यलाई समेत चौदण्डी भन्ने गरेको देखिन्छ। यहाँका सेन राजाहरूको हिउँदे राजधानी भने अम्बरपुरमा रहेको थियो।

सरदारहरूले पनि परिस्थिति हेरी नेपालकै आशयमा रहन मञ्जुर गरेका हुनाले इलामसम्म नेपालको पूर्वी सिमाना कायम भयो ।[17]

उपर्युक्त घटनापछि गोरखाली सैन्यले इलामका निम्ति सिक्किमसंग तुरुन्तै लड्नु पर्ने अवस्था आइसकेको थियो । तर सिक्किमेहरू डराएर पहिले नै गोरखाली सेना नायकहरू समक्ष कुरा गर्न आफ्ना दूत पठाउने अवस्थामा पुगे । त्यसैले वार्ता हुँदा इलाम समेत टिष्टासम्म नेपाललाई दिने भए सिक्किममाथि आक्रमण नगर्ने भन्ने शर्तमा सिक्किमेले समेत स्वीकार गर्नाले कुरा मिल्यो । यसै अनुरूप वि. सं. १८३१ भाद्रमा नै सन्धि सम्पन्न भयो ।[18] यसरी पल्लो किरांत र विजयपुर जितेर नेपालको टिष्टा साँध लागेपछि पल्लो किरांतको प्रशासनिक केन्द्र चयनपुरलाई बनाइयो । त्यहाँ-बाटै सिक्किमका नव विजित पहाडी क्षेत्र समेत चयनपुर-का सुब्बाको सामरिक अधिकार अन्तर्गत राखियो । सिक्किमका नेपालले लिएका पहाडी इलाकाको प्रशासन हेर्न त्यहींका एकजना यू–काङ–ता भन्ने लाप्चे नायकलाई चयनपुरका सुब्बा अन्तर्गत रहने गरी नियुक्त गरिएको थियो ।[19] यसरी एकपल्ट चैनपुर अरूण पूर्व र सिक्किम-सम्मको शासन केन्द्र बनेको थियो ।

यस किसिमले सिक्किमलाई समेत खुम्च्याएर नेपालको सिमाना विस्तार भएको थियो । त्यसैले गोर-खाली सेनाले पल्लो किरांत र मोरङ्ग दखल गरेदेखि नै झस्किएका सिक्किमेहरूलाई टिष्टा पश्चिमका भू–भाग समेत गुमाउनु पर्दा बिलकूलै चित्त बुझेको थिएन । त्यसैले यस घटनादेखि नै नेपाल र सिक्किम बीच संघर्षको बीजारोपण भयो । सिक्किमेहरूले उत्तरतर्फ चैनपुरमा र दक्षिणमा विजयपुरमा समेत आक्रमण गर्न थाले । सिक्किम को वंशावलीमा पनि तिब्बती वर्ष शिङ–ता (काठ–घोडा) वर्ष अर्थात् वि. सं: १८३१ देखि सिक्किम र गोरखा (नेपाल) का मुठभेड हुन थाल्यो भन्ने स्पष्ट चर्चा परेको छ (कुमार प्रधान, पहिलो पहर, पृ. ९–१०) । पल्लो किरांतमा सिक्किमेहरूले पछि वि. सं. १८४८ मा नेपालको भोट–चीनसंग युद्ध पर्दाको बखतसम्म झमेला उठाई संघर्ष गरेका ऐतिहासिक प्रमाणहरू पाइएका छन् । वि. सं. १८३१ मा नेपालको टिष्टा साँध लागेको २।३ वर्षपछि नै सिक्किमले मोरङ्ग र चैनपुर दुवैतर्फ आक्रमण छेड्यो । वि. सं. १८३२ तिर सिक्किमका जनरल तिपु-ताका (यिनलाई देव–छाङ रिग्–जिन् वा देव्–ताकार-पो पनि भनिन्थ्यो) ले नेतृत्व गरेको फौज गोरखालीको चयनपुरको सिद्धिपुर किल्लातर्फ आक्रमण गर्न खटिए । यस फौजले चैनपुरमा एकजना सुवेदार अन्तर्गत चैनपुर र सिद्धिपुरको किल्लाको रक्षा गर्न राखिएको सानो गोर-खाली फौजमाथि आक्रमण गरेर सजिलै चैनपुर दखल गऱ्यो । गोरखाली सैनिकहरू सिक्किमेको कब्जामा परे । यसरी केही समयका निम्ति चैनपुर केन्द्र सिक्किमेको हात-मा फेरि पुग्यो । तर तुरुन्तै हातहतियारले सुसज्जित थप गोरखाली फौज गएर स्थानीय गोरखा समर्थक मानिसहरू समेत पठाई सिक्किमेहरूमाथि आक्रमण गरेर चैनपुर सहित सिद्धिपुर किल्ला फिर्ता लिए । सिक्किमे फौजका नायक सहित सबै किल्लाबाट भागे । गोरखाली सैनिकले तिनलाई लखेट्दै तम्बोर नदीसम्म पुगे र त्यहाँ फेरि एक पल्ट दुवै पक्षबीच युद्ध भयो, तर त्यहाँबाट पनि सिक्किमे-हरू भागे र इलामसम्म गोरखाली सेनाले लखेटेपछि सिक्किमे नायक बाँकी फौजसाथ हारेर सिक्किम फिर्ता भए । त्यस बेला लिङ–दोमका इलाम प्रदेशका लिम्बू

---

१७. वि. सं. १८३१ आश्विन वदि ३० मा अभिमान सिं वस्न्यातका नाममा जारी भएको पृथ्वीनारायण शाहको लालमोहरबाट यो कुरा स्पष्ट हुन्छ ।
आचार्य, पूर्ववत्, टिप्पणी संख्या ७, पृ. ६१२, ६२४–२५ ।

१८. आचार्य, त्यही, पृ. ६१२ – १३ ।

१९. प्रधान, पूर्ववत्, टिप्पणी संख्या १३, पृ. ९ – १० ।
एफ. वि. ह्यामिल्टन, **यान् एकाउन्ट् अफ् द किङ्डम अफ नेपाल**, रि-प्रिन्ट, न्यू दिल्ली : एशियन एडुकेशन सर्भिस, ई. १९८६, पृ. १२३ ।

नायक हाङसु फुवा रायले गोरखाली सेना अगाडि आत्म-समर्पण गरेर गोरखा पक्षमा मिलेका हुनाले उनलाई त्यस भेकको शासन अधिकार समेत दिई सिक्किमको विरुद्धमा गोरखा पक्षबाट आफ्नो प्रदेशको रक्षा गर्ने जिम्मेवारी सुम्पिएर नेपालको तर्फबाट लालमोहर समेत दिइएको जानकारी पाइएको छ। सुब्बा पुनाहाङसंग यो लाल-मोहरको अंग्रेजी अनुवाद इमान सि चेमजोङले छपाएका छन्।[20]

यस युद्धमा लड्ने यी सिक्किमे जनरल भोट मूलका थिए र यिनका साथमा अर्को लेप्चा जनरल सिक्किम दरबारका छ्याग् ज्वे छो-थुप पनि लेप्चा सैन्यले नेतृत्व गर्दै चैनपुर आएका थिए भन्ने पनि जानकारी पाइन्छ। यस किसिमले यस आक्रमणमा सिक्किमका भोटे सैनिक र लेप्चा सैनिक दुवै संलग्न रहेको बुझिन्छ।[21] यस घटनाको अर्को साल अर्थात् वि. सं. १८३३ मा पनि सिक्किमे फौज एकपल्ट फेरि आक्रमण गर्दै चैनपुर भेकसम्म आइपुगेको र सभा खोलाको वारिपारि सिक्किमे र गोरखा पक्षका स्थानीयहरू बीचको युद्धमा वाण हानाहान हुँदा सिक्किम-का नायकको मृत्यु भएको थियो भन्ने पनि चर्चा पाइन्छ।[22] यसै समयताका निगुम (?) भन्ने ठाउँमा पनि चैनपुरका गोरखाली र सिक्किमेहरू बीच युद्ध भएको र सिक्किमले हार्नु परेको चर्चा पाइएको छ।[23] यसरी पल्लो किराँतको चैनपुरमाथि धेरैपल्ट सिक्किमेहरूले धावा बोलेका थिए र पहिलेदेखि नै आफ्नो प्रभाव तथा अधिकारमा राख्न कोशिश गरेका थिए। कतिपल्ट त अधिकार समेत गर्न सफल भएका थिए। त्यसै हुनाले नेपाली राजाहरूका तात्कालिक लालमोहरमै पनि चैनपुरको चर्चा गर्दा 'पूर्वको सुखीम चैनपुरमा गोरखाको विजय भयो' भन्ने जस्तो उल्लेख परेको पाइन्छ।[24] सिक्किमे र पल्लो किराँत-का लिम्बूहरूबीच प्रायः बेमेल भए तापनि केही सांस्कृतिक समानताको कारण किराँत प्रदेश नेपाल अन्तर्गत परेपछि कतिपय लिम्बूहरू त सिक्किम पक्षमा पनि लागेको आभास पाइन्छ। वि. सं. १८४८ मा सिक्किम पक्षमा लागेर लिम्बूहरूले एकपल्ट गोरखा विरुद्धमा विद्रोह नै मचाएका थिए। यसो भए तापनि नेपाल तर्फबाट शुरूदेखि नै लिम्बूहरूलाई पहिले सेन राजाहरूका पालामा कायम भएको भन्दा बढी सुविधा र इज्जत दिएर भए पनि लिम्बूआनलाई बलियो रूपले हात लिने प्रयास भइरहेको देखिन्छ। वास्तवमा यो काम सिक्किमको प्रभाव पल्लो किराँतमा नरहोस् र लिम्बूहरू नभड्किउन् भन्ने हेतुले गरिएको थियो। यसै क्रममा वि. सं. १८३१ श्रावणमा नै श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट सुन राय, कुम्भ राय, जङ राय लिम्बूहरूका नाउँमा धर्मपत्रकै भाषाको ताम्रपत्र जारी भएको पाइन्छ। यस ताम्रपत्रमा लिम्बू हाङ रायहरूको परम्परागत स्थिति कायम गर्दै तिनलाई अरू साधारण नौ लाख किराँत सरहका जनता मात्र नभएर नमासिने राजा नै हो भन्दै १० लिम्बू हाङ-हरूको विशेष इज्जत गरिएको छ। त्यस्तै गरी सिक्किम-संग शत्रुता भएकोले गोरखा पक्षमा लिंदै शत्रुसंग भिड्ने काममा लाग्नू भनेर आह्वान समेत गरिएको छ। यसपछि वि. सं. १८३९, १८४० र १८५२ मा समेत यस प्रकारका लालमोहरहरू लिम्बू नायकहरूका नाममा जारी भएका पाइएका छन्। वि. सं. १८३९ को मोहरमा अघि हिन्दुपति अर्थात् सेन राजाले बक्सेको नागरानी, सान-मान-मर्यादा

२०. इमान सिंङ चेमजोङ, **हिष्ट्रि एण्ड कल्चर अफ किराँत पिपुल पार्ट टू**, काठमाडौं : नेपाल प्रिन्टिङ्ग प्रेस, ई १९६७, पृ. १६७-६८, १७०-७१, ७५ आदि।

२१. जर्ज कोट्टुरन, **द हिमालयन गेट वे : हिष्ट्रि एण्ड कल्चर अफ सिक्किम**, न्यू दिल्ली : स्टेर्लिङ पब्लिशर्स, ई. १९८३, पृ. ४२।

२२. इमानसिंह चेमजोङ, **किराँतकालीन विजयपुरको संक्षिप्त इतिहास**, दार्जीलिङ्ग : नेपाली साहित्य परिषद, ई. १९७५, पृ. १७४-७६।

२३. त्यही।

२४. तल टिप्पणी संख्या २६ मा उल्लिखित सामग्री हेर्नु होस्।

हामीबाट पनि बक्सेका छौं भन्ने व्यहोरा परेको छ। वि.सं. १८४० को मोहरमा थुम-थुमका लिम्बू नायकहरूलाई कविला र खुँडा बन्दूक, हात्ती आदि राख्ने र १९ थुम जागीर जिम्मा दिएको व्यहोरा परेको छ। त्यस्तै गरी वि. सं. १८५२ को मोहरमा हिजो हाल हुलमा रायका सन्तति पाँच खपन रायहरूलाई फिर्ता आउनू मकवानी राजाले दिए सरह स्थिति कायम रहे बसेकालाई दिएकै छ र तिमीहरूलाई पनि दिइने छ' भन्ने व्यहोरा उल्लिखित छ।[25] यसरी पल्लो किराँतका लिम्बूहरूलाई हात लिने हरप्रयास गर्दागर्दै पनि वि. सं. १८४८ मा नेपालको भोटसंग युद्ध हुँदा भोटतर्फ लागेर सिक्किमले अधिकांश लिम्बू नायक र साधारण जनतालाई भड्काई चयनपुरमा विद्रोह मचाउन सफल भएको घटना यहाँ उल्लेखनीय छ।

हुन त पल्लो किराँत समेत सम्पूर्ण किराँत प्रदेशमा अघि सेन राजाकै पालादेखि पश्चिमपट्टिबाट बाहुन, क्षेत्री, मगर, गुरुङ आदि जनजातिलाई प्रवेश गराउने काम प्रोत्साहनसाथ गराइएको देखिन्छ। हिन्दूपति सेन अन्तर्गत मकवानपुरतर्फबाट मात्र नभएर गोरखा, तनहूँ आदिबाट समेत पश्चिमतर्फका यी जनजातिले गएर बसोबास गर्न थालेका थिए। यसबाट बेला मौकामा किराँतहरूलाई पञ्जाभित्र पार्न सेन राजाहरूलाई पनि सजिलो हुन्थ्यो। किराँतभन्दा अरू जनजातिलाई त्यसतर्फ घुसाएपछि तिनीहरू स्वभावत: ठकुरी राजा सेनहरूतर्फ विशेष झुकाव राखी उनीहरू अन्तर्गत हुन चाहन्थे। यसरी सेन राजाहरूलाई राजनीतिक स्वार्थ सिद्ध पनि हुन्थ्यो। त्यसै हुनाले पछि पछि विजयपुरका सेन राजाहरूले क्षेत्रीयहरूलाई समेत दीवान राय सरह उच्च पदमा राख्न थालेका थिए। श्री ५ पृथ्वीनारायण शाहका समकालिक विजयपुर र चौदण्डीका समेत राजा भएका कर्ण सेनले स्वरूपसिं कार्कीलाई झण्डै दीवान सरहकै दर्जामा पुऱ्याएका थिए। तर मुख्य दीवान अजित राय अन्तर्गत रहनु पर्दा स्वरूप र अजितबीच मनमुटाव समेत भएको थियो। पछि स्वरूप सिंलाई सर्दार पद दिएर श्री ५ पृथ्वीनारायण शाहले आफ्नो पक्षमा लिएका थिए। किराँत प्रदेशमा भर्सक किराँतहरू राजाको सोझै शासन चल्न दिन चाहँदैनथे र किराँत बाहिरका जनजातिको प्रवेश पनि मन पराउँदैनथे। तैपनि बाहुन, क्षेत्रीहरू र साथमा गुरुङ्, मगरहरू समेत आफ्नो बुद्धि र वर्कत प्रयोग गरेर कम आवादी भएको त्यस प्रदेशमा नयाँ ठाउँ आवाद गुल्जार गर्दै सेन राजाहरूसंग विर्ताको रूपमा मोहर लिंदै बसोबास गर्ने क्रम तेजिलो रूपमा नै चलेको थियो। पूर्व ३ नं. खार्पाका यसैगरी बसोबास गरी अत्यन्त धनाढ्य बनेका हरिनन्द उपाध्याय (पोखरेल)ले मात्र किराँत विजयको क्रममा श्री ५ पृथ्वीनारायण शाहलाई आवश्यक भए धन नै दिएर भएपनि सहयोग पुऱ्याउन सक्छु भनी हर तरहले सहयोग गरेको घटना यहा उल्लेखनीय छ।[26] यस्तै किसिमले पल्लो किराँतमा पनि गुरुङ, मगर, क्षेत्री, बाहुनहरू सेन राजाकै पालामा गएर बसिसकेका थिए। पछि वि. सं. १८३१ मा पल्लो किराँत र विजयपुर विजयको क्रममा र त्यसपछि भएका सिक्किमसंगको संघर्षको क्रममा अरू थप यी पश्चिमका जनजातिका टोली त्यहाँ बसोबास गर्न सफल भएका थिए। यसले गर्दा सिक्किम र लिम्बूहरूको विद्रोह दबाउन नेपाल सरकारलाई केही सजिलो भएको थियो।

## वि. सं. १८४८ को सिक्किम-गोरखा युद्ध र चयनपुर

वि. सं. १८४५ मै नेपाल-तिब्बत युद्ध भएको थियो। त्यस युद्धको समाप्तिपछि भएको सम्झौता अनुरूप तिब्बतले शर्त पूरा नगरेको तथा तिब्बतका श्या-मर-पा लामालाई नेपालमा शरण दिएका आदि घटनाले गर्दा वि. सं. १८४८ मा दोस्रोपल्ट तिब्बतसंग नेपालको युद्ध भयो। यस युद्धमा चीन समेत नेपालको विरूद्धमा तिब्बतको तर्फबाट लड्न खनियो। पहिले त नेपाली फौजले तिब्बतको शि-का-चे (दिगर्चा) सम्म जितेर त्यहाँको सम्पन्नशाली टशि ल्हुन्-पो मठको सम्पत्ति समेत लुटेथ्यो।

२५. पुरातत्त्व विभागको मुखपत्र **प्राचीन नेपाल**, संख्या ४३-४५ (पौष २०३४-जेष्ठ २०३५) को संयुक्ताङ्कको पृ. १५ को ऐतिहासिक पत्रस्तम्भको रूक्का।

२६. आचार्य, पूर्ववत्, टिप्पणी संख्या ७, पृ. ६०५-६०६।

तर चिनिया फौज आएपछि नेपाली फौजलाई पेल्दै ल्यायो। त्यस बेला उता पश्चिमतर्फ पनि नेपाली सेना विजय अभियान बढाउँदै गढवाल पुगेको थियो। यस्तो अवस्थामा तिब्बतले सिक्किमलाई उठाएर पल्लो किराँतमा विद्रोह मच्चाएर चैंनपुर किल्ला र त्यस अन्तर्गतको सिद्धिपुर किल्ला समेत आफ्नो कब्जामा लिइदियो। यस घटनामा भित्रभित्रै खर्च समेत दिएर लिम्बूहरूलाई भोटे र सिक्किमले आफ्नो पक्षमा लिएथे। यस युद्धमा ५।७ हजार जति चिनिया, भोटे र लेप्चा सैनिक दल आएको चर्चा पाइन्छ। यसरी चैंनपुरमा भोटे र सिक्किमेले अधिकार गरेको खबर पुगेपछि विजयपुरबाट त्यहाँका सुब्बा पूर्णानन्द पाध्याले १।२ कम्पनी तालीमे सैनिक र अरू साधारण समेतको सैनिक दल लिएर चैंनपुर पुगी २ खलङ्गा खडा गरेर सिद्धिपुरमा बसेका भोटे, सिक्किमे र लिम्बू सैन्यमाथि त्यहाँका स्थानीय गोरखा पक्षका वीर योद्धाहरू समेतलाई साथ लिई आक्रमण गरेर भोटे, सिक्किमे, ७ जना सरदार लगायत ४।५ सय जति सिक्किम पक्षका सैनिकलाई काटेका थिए। त्यसपछि काठमाडौंबाट सहयोगका निम्ति पठाइएका पल्टन र भाराफौज समेतले फेरि सिद्धिपुरको पोखरीमा नै रहेको तीन खलङ्गा गरिबसेका अरू भोटे र सिक्किमेलाई दुई तर्फबाट छेकेर आक्रमण गर्दा एकजना पनि उम्कन नपाई खलंगैभित्र ५०० गिड पारेर मारेका थिए। खलङ्गा बाहिर पनि लखेट्दै काट्दै गरेर गणना हुनै नसक्ने गरी बैरीलाई गोरखा पक्षकाले काटेका र पछिल्लो पल्टको युद्धमा पनि दुई जना कहवाङ भन्ने भोटे, सिक्किमे काजी काटिएका थिए भन्ने समेत चर्चा पाइन्छ। यस विषयको उल्लेख वि. सं. १८४८ कै चैत २ का दिन काठमाडौंबाट सल्यानी राजा कृष्ण शाहलाई र जाजरकोटे राजा गजेन्द्र शाहलाई श्री ५ रणबहादुर शाहको भाखाबाट पठाइएका दुई लालमोहरमा परेको छ।[27] यस युद्धकै प्रसङ्गमा चयनपुर र विजयपुरतर्फबाट गोरखाली सेनाले सिक्किमका केही प्रदेश समेत कब्जा गर्न सफल भएको थियो।[28] तिनताका चैनपुरमा गोरखाली पक्षले खलङ्गा गढी बनाएर बसेका थिए र सिद्धिपुर सिद्ध पोखरीमा भोट तथा सिक्किमे फौजले खलङ्गा र गढी जमाएका थिए। माथि उल्लिखित वि. सं. १८४८ को युद्ध चैनपुर सिद्धिपुरको सिद्ध पोखरीको गढीमा भएको भए तापनि त्यस बेला चैनपुरमा नै पनि अर्को एक महत्त्वपूर्ण गढी थियो भन्ने जानकारी पाइन्छ। खलङ्गा (गढी) को वन भन्ने त चैनपुर बजारभन्दा केही तल अहिले पनि छँदैछ। यस गढीको विषयमा वि. सं. १८७५ को एक लालमोहरमा समेत चर्चा परेको छ जसमा गढीको स्याहार, सम्भार र सुरक्षाका निम्ति कोट तथा गढीको बेग्लै स्थायी आम्दानीका स्रोतको रूपमा जग्गा जमीन समेतको व्यवस्था भएको उल्लेख परेको छ।[29]

यो वि. सं. १८४८ को युद्धमा चयनपुरमा केही अघिदेखि गई बसेका स्थानीय क्षेत्री, बाहुन योद्धाहरूले निकै महत्त्वपूर्ण भूमिका निभाएका थिए भन्ने जानकारी पाइन्छ। स्थानीय लोकगाथा अनुरूप भोटे, सिक्किमेहरूले चैनपुर फिर्ता लिएपछि गोरखा पक्षका सैन्य र जनता भागेर अरूण पश्चिम जानु परेको थियो। तर पछि भोटे र सिक्किमेसंग कुरा मिलाई गोरखा पक्षका मानिस मरेमा मृतकको शव भने चैनपुरमै ल्याउनु पर्ने परम्परा रहेको कुरा गरी शव गाड्नचाहिं चैनपुरै लग्ने भन्ने बहाना पारी त्यसका निम्ति भोटे र सिक्किमेसंग स्वीकृति लिई हातहतियारको मूर्दा बनाउँदै चैनपुर खलङ्गाको वनभित्र गाड्ने चलाखी यी स्थानीय योद्धाहरूले गरेका थिए भन्ने पनि लोकगाथा प्रचलित छ। पछि विजयपुर र काठमाडौं केन्द्रबाट समेत सैनिक सहयोग आएपछि उक्त हातहतियार-

२७. धनबज्र बज्राचार्य र ज्ञानमणि नेपाल (संपा.), **ऐतिहासिक पत्र संग्रह**, काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, वि. सं. २०१४, पृ. ५३–५५।
योगी नरहरिनाथ (संपा.), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, दाङ्ग : वि. सं. २०२२, पृ. ४०३।

२८. **गजेटर अफ सिक्किम** (पुनर्मुद्रण), न्यू दिल्ली : मञ्जुश्री पब्लिशिङ हाउस, ई. १९७२, पृ. १९।

२९. यो पत्र चैनपुर फलाँटेका सलबहादुर कार्कीको संग्रहमा रहेको थियो।
योगी, त्यही, पृ. ७५९–६०।

को प्रयोग गरेर शत्रु काटेको चर्चा पनि सुन्न पाइन्छ । यस युद्धमा वीरता र चलाखी गरी शत्रु परास्त गर्नमा सहयोग पुऱ्याउने चार जना स्थानीय योद्धाहरूमा आशा खत्री, मनोहर डाँगी, वालु ढकाल र विश्राम राउतको नाउँ लिइन्छ । चैनपुरको आसपासमा यिनका सन्ततिहरू अहिले पनि बसोबास गर्दै आएको देखिएकोले उक्त कुरामा विश्वास गर्ने प्रशस्त ठाउँ पाइएको छ । आशा खत्री र मनोहर डाँगीका नाउँमा जारी भएका त लालमोहरहरू नै पाइएका छन् ।[30] त्यसैले उक्त योद्धाहरूलाई नेपाल सरकार तर्फबाट केही सुविधा र अधिकार समेत दिइएको थियो भन्ने बुझिन्छ । सिद्धिपुरतर्फ बसोबास गर्ने हरिनारायण अधिकारी र धनराज अधिकारीहरूले पनि यस युद्धमा जनताका छातीको ढाल गरी युद्धमा लडेका र गढीमा विजय गर्नमा सहयोग पुऱ्याएका थिए भन्ने जानकारी वि. सं. १९०८ मा सिद्धिपुरका बहादुर अधिकारीका नाउँमा जारी भएको एक रूक्का पत्रबाट स्पष्ट हुन्छ ।[31]

यस युद्धमा केन्द्रबाट वखतावर सिंह वस्न्यातको नेतृत्वमा सैनिक दल चैनपुर गएको थियो । युद्धमा विजय प्राप्त गरी शत्रु दमन गरेर स्थानीय समस्या सुल्झाई काजी वखतावर वस्न्यात चैनपुरमै बसेका बेलामा केन्द्रबाट उनको पहिलो छोरा प्रसादसिंह वस्न्यात जन्मिएको खबर पुगेको हुनाले आफू अन्तर्गतका अधिकारी कर्मचारीलाई समेत सकेसम्म खुशी बनाई ब्राह्मण, वैरागी, गरीब गुरूवाहरूलाई द्रव्य दान दिने, भोजन गराउने, वस्त्र दान दिने जस्ता काम समेत गरेर खुशीयाली मनाउनाका साथै त्यसै खुशीयालीमा चैनपुरमा आफ्नो नाउँमा वखत सुन्दर हिटी, मनोकांक्षा पुगेको उपलक्ष्यमा मनराजी बगैंचा समेत बनाउन लगाएको चर्चा चैनपुरकै बस्नेत पौवा (मेजर पाटी) मा रहेको शिलालेख, वि. सं. १८४९ पौषमा वखतावरसिंहका नाउँमा जारी भएको लालमोहर तथा अन्य विभिन्न तात्कालिक कागजपत्रबाट समेत बुझ्न सकिन्छ । उक्त बगैंचा र हिटीको निर्माण तथा स्याहार सम्भार गर्नका निमित्त वखतावरसिंह वस्न्यातको अनुरोधमा श्री ५ रणबहादुर शाहबाट चैनपुरको चन्हौटे व्याँसी, खोल्या रुम्टो, हाङलुङ खर्क, चुनढुङ्गा थुम्को, दक्षिण फलाटे थुम, पश्चिम ढाँग्या गाउँ (डाँगी गाउँ ?), उत्तर हिवाँ खोलोसम्म यति ४ किल्लाभित्रको जग्गा उनका नाममा बक्स भएको थियो ।[32] वखतावर सिंहले उक्त हिटी बगैंचाको गुठी जग्गाको चिताइदारी जिम्मा तुलाराम उपाध्याय गोतामेलाई दिई उनलाई आफ्ना कुल कविला (जहान परिवार) समेत लगेर बसोबास गर्न लगाएका थिए । यिनै तुलाराम र उनका छोराहरूले पछि काजी वखतावरको इच्छा बमोजिम चैनपुरमा वखतेश्वर महादेवको स्थापना तथा एउटा पौवा समेत बनाएका थिए ।[33] यस किसिमले वर्तमान चैनपुर बजार आसपासका

---

३०. चैनपुर ओखरबोटे (डाँगी गाउँ) का सूर्यबहादुर डाँगीको सौजन्यबाट यस अन्वेषकले ५।७ वटा सक्कलै लालमोहर र अरू सनद, चिट्ठीपत्रहरूका प्रतिलिपि उतार गर्ने मौका पाएको हो ।

आशा खत्रीका नामको एउटा लालमोहरको फोटो कपी जयबहादुर खत्रीका सौजन्यबाट पाएको हुँ र चैनपुर अदालतबाट पनि आशा खत्रीसम्बन्धी एउटा कागज पाएको छु ।

३१. यो सक्कल लालमोहर रूक्का पत्र मैले चैनपुर तीनखोप्रेका खड्गबहादुर अधिकारीका सौजन्यबाट प्रतिलिपि उतार गर्ने मौका पाएको हुँ ।

३२. काठमाडौं मालपोत कार्यालय चारखाल (पुरानो लगत फाँट) का पुराना कागज पोका संख्या १, वही संख्या २, सि. नं. ४ को मोहर संख्या ५८३ मा यस मोहरको नक्कल रहेको छ । त्यस्तै एक प्रति नक्कल चैनपुर भञ्ज्याङ्ग खर्कका नरपति उपाध्याय गौतमको संग्रहमा पनि छ ।

३३. वि. सं. १९०७ फाल्गुणमा तुलारामका नाती वृहस्पति, महिपति गोतामेहरूका नाममा वखतावरका नाती मेघगम्भीरसिंह वस्न्यातले पठाएको एक पत्रबाट यो कुरा स्पष्ट हुन्छ । यो सक्कल पत्र अन्वेषकले चैनपुर भञ्ज्याङ्ग खर्कका नरपति उपाध्याय गोतामेका सौजन्यबाट उतार गर्ने मौका पाएको हो ।

जग्गा जमीनहरू चैनपुरकै पुराना हिटी तथा बगैंचा र वखतेश्वर महादेवको गुठीको रूपमा थियो भन्ने जानकारी मिल्दछ । वस्न्यातहरूले गरेको व्यवस्था अनुरूप उक्त जग्गामा आवाद गुल्जार गराई जग्गा (खेत पाखो) बाट उठ्ने पैदावारबाट हिटी बगैंचाको मर्मत सम्भार तथा महादेवको पूजाको खर्च, अक्षता चलाई प्रत्येक नागपञ्चमीका दिन ब्राह्मण भोजन समेत गराई फलफूल, ज्यामिर, निबुवाको चुक, बगैंचाका रूद्राक्षका ठूलठूला दाना सालिन्दा काठमाडौं गुठियारहरूलाई बुझाउनु पर्ने र फकिर, जोगी, भलाद्मी कोही पनि चैनपुर आउँदा फलफूल ख्वाउनु पर्ने स्थिति परम्परा समेत चलाइएको थियो । यसरी चैनपुरमा सिक्किमे र भोटे हान्न गएका गोरखाली काजीहरूले चैनपुरलाई मन पराएर अनेक कीर्तिहरू समेत राखिदिएका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

चैनपुर केन्द्रबाट सम्पूर्ण पल्लो किरांतको प्रशासन चल्दथ्यो भनेर माथि उल्लेख गरियो । त्यस्तै गरी धनकुटाको उपल्लो भाग समेत चैनपुर अम्बलभित्र पर्दथ्यो भनेर पनि चर्चा गरियो । एकीकरणपछि राणाकालमा धनकुटा गौंडाको स्थापना नभएसम्म यो व्यवस्था कायमै थियो । वि. सं. १८८५ मा श्री ५ राजेन्द्रबाट धनकुटा मुगाका मुकुन्द थापा, विरू थापा, अर्जुन थापाहरूका नाममा जारी भएको एक लालमोहरमा वर्तमान धनकुटाका मुगा समेत त्यस भेकका सम्पूर्ण क्षेत्र चैनपुर जिल्लाको अम्बलभित्र रहेको स्पष्ट उल्लेख गरेको छ ।[34] यस्तै चर्चा पछि वि. सं. १९०४ मा श्री ५ सुरेन्द्रबाट मुगाकै थापाहरूका नाममा जारी भएको अर्को मोहरमा पनि परेको छ ।[35] यस्तै किसिमले संखुवा उत्तरका भोटे गो–वाहरू अन्तर्गतको हिमाली भाग र संखुवा पाखीवास खाँदवारी आदि इलाकाहरू पनि चैनपुर अम्बलभित्र पर्दथे भन्ने विषयका प्रमाणहरू पनि पाइएका छन् । माथि अघि सेन राजाहरूकै पालादेखि पश्चिमतर्फबाट गुरुङ, मगरहरू समेत किरांत प्रदेशतर्फ प्रवेश गरेर बसोबास गर्दै आएका थिए भनेर सप्रमाण चर्चा गरियो । पछि किरांत विजयकै क्रममा थप खस, मगर, गुरुङहरू सैनिकको रूपमा पनि आएर पल्लो किरांत प्रदेशमा बसोबास गर्न लागेको संकेत पाइन्छ । वि. सं. १८६२–६३ तिर सिंहवीर गुरुङ, जोखु गुरुङ, चम्पसिं गुरुङहरूलाई त चैनपुरका सुब्बा अन्तर्गत रहेर सभा उत्तरका इलाकामा भोटबाट समेत ठाउँ–ठाउँका रैति ल्याई आवाद गुल्जार गराएर १६ आनामा १० आना सरकारलाई बुझाएर अरू खानू, भोग गर्नू भनेर मोहरहरू दिइएको पाइन्छ ।[36]

थिनीहरूले खाँदवारीका सिमले उत्तर फार्कशिला घाटदेखि दक्षिण, पाङमा डाँडादेखि पूर्व पाङठा डाँडा, वारां खोलादेखि पश्चिम यति चार किल्लाभित्रको संखुवा पाखीवास भन्ने जग्गामा पहिले आवादी भएका र गाउँ बस्ती बसिसकेका बाहेक अरू सबै पर्ति (कालावञ्जर) जग्गा आवाद गुल्जार गराउने र त्यस ठाउँको साउने–फागु, पञ्चखत आदि कर महसूल र दण्ड कुण्डको रकम उठ्ती गरी चैनपुरमा सरकारी अड्डामा दाखिल गरेर बाँकी खाने गरी अख्तियारको छाप तत्कालीन राजाबाट पाएका थिए ।[37] त्यस्तै गरी चैनपुर अन्तर्गतका आवाद नभएका जङ्गल, पाखो, पर्ति जग्गाहरू (कालावञ्जर) मा भोटका नायक इकुंडा भन्नेलाई भोट मुग्लानका रैति दुनिया ल्याई बस्ती बसाई आवाद–गुल्जार गराउनू र त्यस भेकका डिठ्ठा मार्फत् आम्दानीको १६ आनामा १० आना सरकार दाखिल गरी बाँकी खानू भन्ने व्यहोराको मोहर

३४. शङ्करमान राजवंशी (संग्रा.), **पुरातत्त्व पत्र संग्रह**, भाग २, काठमाडौं : श्री ५ को सरकार, संस्कृति विभाग, वि. सं. २०१८, पृ. ७७ ।

३५. त्यही, पृ. ११६ ।

३६. जगमान गुरुङ, **नेपालको एकीकरणमा गुरुङहरूको भूमिका**, पोखरा : श्री बौद्ध अर्घौं सदन, वि. सं. २०४१ पृ. ८८ ।

३७. त्यही ।

पनि यसै समयताका दिइएको थियो।[38] त्यस भेकको डिट्टा भई इकुंडा भोटे नायकसंग सामेल रही वार्षिक रु. ५०।– खाने एकजना बहिदार समेत राखी आफूले वार्षिक रु. २५०।– खान पाउने सुविधा उपभोग गर्दै काम गर्ने अधिकार चर्म्पासि गुरुङले पाएका थिए। चर्म्पासि गुरुङका नाउँमा श्री ५ गीर्वाणबाट जारी भएको वि. सं. १८६२ को लालमोहरमा यहाँ उल्लिखित भोटका इकुंडा भन्ने नायकलाई पनि पहिले भोटबाट चर्म्पासिले नैं ल्याएका थिए भन्ने उल्लेख परेको छ। त्यस्तै गरी चर्म्पासिलाई भोट, धर्मा (भूटान) तर्फका सिमानाको खबरदारी राख्ने, बस्ती बसाउने, देश गुल्जार गराउने, हात्तीको दाँत, खाग तथा समय–समयका जङ्गली चीज-बीज दरबार पठाउनुपर्ने जिम्मेवारी पनि दिइएको थियो। त्यस्तै गरी बेला-बेलामा ठूल–ठूला सिरी गाईका साँढे पनि धर्मा (भूटान) तर्फ मानिस पठाइकन भएपनि इकुंडालाई लाउनु परेमा लगाएर पठाउनु पर्ने कुराको पनि चर्चा छ। यस मोहरमा पनि चैनपुरका सुबाले तक्रार परेमा सबै रकमहरू त्यतै बुझाउनू भन्ने कुराको चर्चा परेको छ।[39]

यहाँ उल्लिखित इकुंडा र चर्म्पासि गुरुङलाई आवाद गुल्जार गराउन भनिएको र अधिकार दिइएको जग्गा पनि वर्तमान संखुवासभा जिल्लाको उत्तर सीमा प्रदेशतर्फको जस्तो लाग्दछ। वि. सं. १८६३ को चर्म्पासि गुरुङका अर्जी पत्रको प्रत्युत्तरमा वि. सं. १८६०–६१ तिर भोटबाट धेरै रैती चैनपुरको उत्तर सीमा क्षेत्र (वर्तमान संखुवासभा जिल्लाको) मा इकुंडा भोटे काजीले ल्याएको र अझै ल्याउँदै गरेको चर्चा छ।[40] यस पत्रमा ६१ सालमा भोटेहरूसंग चैनपुरका सुब्बाले नाजायज हिसाबले रुपैयाँ लिएको र त्यसले गर्दा भोटेहरू आई बसोबास गर्न गाह्रो मान्दछन् भन्ने पनि चर्चा परेको छ। पछि चर्म्पासि गुरुङको अनुरोधमा भोटका रैती ल्याउँदा वा पति जग्गामा कुनै पनि दुनियाँलाई ल्याई बसोबास गराउँदा चैनपुरका सुब्बाको हस्तक्षेपलाई झिकियोस् भन्ने माग गरे बमोजिम त्यस्तै व्यवस्था बाँधिएको थियो।[41]

यी उपर्युक्त तथ्यहरूबाट संखुवासभा उत्तरतर्फका चैनपुर केन्द्र अन्तर्गतका इलाकाको आवाद–गुल्जारको इतिहासका विषयमा केही न केही जानकारी मिलेको छ। अझ विशेष गरी सुदूर उत्तर दुर्गम इलाकाका भोट मूलका नेपाली जनजाति धेरैजसो कुन समयमा र के कारणले भोटबाट स्थानान्तरण भइआएका थिए भन्ने राम्रो जानकारी भएको छ। यसरी भोटबाट आएका भोटे जनजातिको सबै प्रबन्ध संखुवा उत्तरमा भोटे नायक गो–वा अन्तर्गत राखेर मिलाइएको थियो। त्यसैले अघि–अघिका कतिपय मोहरहरूमा "आगे अरून पूर्व मेची पश्चिम चैनपुरका पुराना भर अम्बलका भर लिम्बूआन पाँचखपन, दशमझिया, पाखा लोहरुङ, आठपहरीया सोर खात सानाफ गोवा भोटे गैह्र प्रति…" भनेर स्थानीयहरूलाई सम्बोधन गर्ने चलन नै चलेको थियो।[42]

## पौराणिक स्रोत र चैनपुर

चैनपुरको ऐतिहासिक सर्भेक्षण गर्ने क्रममा अलिकति चर्चा नेपाली पौराणिक स्रोत स्वस्थानी व्रतकथाको प्रसङ्गका विषयमा पनि गर्नु परेको छ। यो उल्लेख चैनपुर र सिद्धकाली पीठको धार्मिक महत्त्वलाई प्रकाश पार्ने मात्र उद्देश्यले नभएर विशेष गरेर चैनपुरको ऐतिहासिक उल्लेख अहिलेदेखिको पाइएको छ भन्ने खोजीको निमित्त गर्नु परेको हो। नेपालको मध्यकालिक पौराणिक पुस्तक स्वस्थानी व्रतकथामा चैनपुर (चन्द्रपुर वा चन्द्रनगर) मा

३८. यो मोहरको उल्लेख भएको अर्को एक मोहरको नक्कल काठमाडौं मालपोत विभाग, लगत शाखा, पोका नं. १, व. नं. ५, पृ. १२ मा छ।

३९. त्यही मोहर।

४०. वि. सं. १८६४ कै चैनपुरका धनराज डाँगी, मनोहर डाँगी, सिंहवीर डाँगी, जैनारान पाध्या, ऋतुवर्ण डाँगीहरूका नाउँका लालमोहरहरूमा पनि बाहिरबाट रैती दुनियाँ ल्याई बस्ती बसाई गुल्जार गराउने कुराको चर्चा परेको छ।

४१. गुरुङ, पूर्ववत्, टिप्पणी संख्या ३६, पृ. ३९–४०।

४२. राजवशी, पूर्ववत्, टिप्पणी संख्या ३१, पृ. ९४–९५।

घुमेर सतिदेवीको दायाँ आँखा पतन भएको र चन्द्रपुर पीठ र प्रकाशेश्वर महादेवको उत्पत्ति तथा दस दिक्पाल-हरू आएर त्यहाँ तपस्या गरेको चर्चा परेको छ।[43] अहिले पनि चैनपुरको सिद्धिपुरमा प्रसिद्ध कालिकाको मन्दिर र प्रकाशेश्वर महादेवको मन्दिर रहेको छ। त्यसै पीठलाई स्वस्थानीमा वर्णित उक्त दायाँ आँखा पतन भएको भनिने देवभूमि मानिन्छ। शत्रुहरूसंगको युद्ध हुँदा सिद्ध प्राप्त गरेको ठाउँ भएको हुनाले उक्त इलाकालाई सिद्धिपुर, त्यसभन्दा केही उत्तरमा रहेको त्यसै युद्धसंग सम्बन्धित किल्ला भएको ठाउँको पोखरीलाई सिद्धपोखरी (त्यस ठाउँलाई समेत सिद्धपोखरी भनिन्छ) आदि भन्ने परि-पाटी चलेको देखिन्छ। त्यसै हुनाले सिद्धिपुरस्थित उक्त कालिकाको पीठलाई पनि पछि पछि सिद्धिकालिका भन्दै हिजोआज सिद्धकाली भन्ने चलन छ। पुराना लालमोहर आदि प्रामाणिक कागजपत्रमा पनि 'चैनपुर सिद्धि कालिका' भनेर उल्लेख गरिएको पाइन्छ।[44] कुनै कुनै कागजमा भने उक्त मन्दिरको चर्चा गर्दा 'चैनपुरका २ गढीभित्रका 'श्री कालिका' मात्र भनेर उल्लेख गरिएको पनि पाइन्छ।[45] यस आधारबाट उक्त ठाउँको ऐतिहासिक नाम सिद्धिपुरबाट उक्त पीठको नाम पनि पछि सिद्धि-कालिका हुन पुगेको देखिन्छ।

यस प्रसङ्गमा चैनपुरको भौगोलिक अवस्थितिको जानकारी व्यापक रूपमा कहिलेदेखि हुन थालेको हो भन्ने जिज्ञासाको परिपूर्तिका निमित्त स्वस्थानीको प्राचीनतातर्फ पनि केही ध्यान दिनु परेको छ। अहिलेसम्म प्राप्त सबै-भन्दा पुरानो नेवारी भाषाको स्वस्थानीको हस्तलिखित पुस्तक ने. सं. ७२३ मा लेखिएको जानकारी पाइएको छ। यसभन्दा पहिले यसको मूलरूप संस्कृतमा नै तयार भएको बुझिन्छ। ने. सं. ७२३ भन्नाले वि. सं. १६५९ हुन्छ। त्यसैले स्कन्दपुराण, शिवपुराण आदि पूर्व साहित्यिक स्रोतका आधारमा तयार भएको यो व्रतकथाको पहिलो लेखन कार्य पन्ध्रौं शताब्दीतिर भएको अनुमान हुन्छ। चन्द्रपुर अर्थात् चैनपुरको उल्लेख स्वस्थानीमा भएको हुना-ले त्यस ठाउँको भौगोलिक अवस्थितिका बारेमा र ठाउँ-का नामको बारेमा त्यसै समयदेखि व्यापक जानकारी हुन थालेको कुरा यताबाट सिद्ध हुन्छ। त्यसैले चैनपुर वा चन्द्रपुर नामको र त्यहाँको कालिकाको प्राचीनतालाई यसै आधारमा ५ सय वर्ष जति अगाडिसम्म सजिलै पुऱ्या-उन सकिन्छ। तर त्यहाँका ऐतिहासिक पुरातात्त्विक वस्तुहरू भने पछि–पछिका मात्र देखिएका छन्। त्यसैले शताब्दियौंसम्म त साधारण देवस्थानको रूपमा जङ्गलभित्र नै खास कुनै विशेष मन्दिर र मूर्तिहरू नराखी प्रतीका-त्मक हिसाबले देवी र महादेवको पूजा प्रार्थना त्यहाँ चलेको बुझिन्छ। सिद्धिकालिकाको गुठी आदिको राम्रो व्यवस्था भने वि. सं. १८७० देखि मात्र भएको देखिन्छ। तात्कालिक पूजारी हद्दिनाथ योगीका नाममा नेउपाने-हरूका पंध्यारो (धारो) र खोल्सीभन्दा पूर्व, अधिकारी-हरूलाई मोहर गरेर दिइएको मोहरमा उल्लिखित साँध-भन्दा पश्चिम रैकर खेत कमाई हुने जग्गादेखि माथि (दक्षिणतर्फको साँध) र सिद्धिपुरको डाँडो र भीमसेन-स्थानभन्दा तल (उत्तरतर्फको साँध) यति ४ किल्लाभित्र-को जग्गा फूलवारी बगैंचाका निमित्त र कल्स्याको सिह्लान र वरिपरिको सिम र अरू जग्गा खेत विह्लाएर अक्षताका निम्ति र मयम् खर्क महादेवलाई दूध चढाउनका निम्ति तथा चैनपुरका २ कम्पनीले पाउने मंढी (खान्गी ?)

४३. वि. सं. १८९१ को श्री ५ राजेन्द्रको लालमोहर।

४४. चैनपुर सिद्धकालीका पूजारी सुरथनाथ महन्तको संग्रहमा रहेको वि. सं. १८७० को एक रुक्कापत्रमा यस्तो उल्लेख परेको छ। यो रुक्कापत्रको सक्कल प्रतिबाट फोटो खिची प्रतिलिपि उतार गर्ने काम यस अन्वेषकले २०४५ साल आश्विनमा महन्तकै घरमा गएर गरेको हो। त्यस्तै गरी यस मोहरलाई पहिलो पल्ट राधेश्याम भट्टराईले पाठमा केही भेद भए पनि प्रकाशित गरिसक्नु भएको छ (सूचना विभागद्वारा वि. सं. २०३८ मा प्रकाशित "नेपाली संस्कृतिका विविध पक्ष" भन्ने प्रकाशनमा)।

४५. वि. सं. १८९१ सालमा हद्दिनाथ योगीका नाममा जारी भएको रुक्कापत्रमा यस्तो चर्चा छ। यसको उतार पनि यस अन्वेषकले सुरथनाथ महन्तको घरमै गएर लिएको हो।

चाहिं जोगीको दस्तुर गरेर गुठीको व्यवस्था गरी लालमोहर जारी भएको देखिन्छ।[46]

यस किसिमले ऐतिहासिक र धार्मिक दुवै दृष्टिकोणले पल्लो किराँतको चैनपुर ज्यादै महत्त्वपूर्ण रहेको छ। यस चैनपुरबारेको माथि उल्लिखित विवरणहरू बाहेक पनि अरू धेरै धेरै ऐतिहासिक प्रमाणहरू पाइन्छन्; तीं सबैलाई यस संक्षिप्त लेखमा समावेश गर्न सम्भव छैन। चैनपुरलाई अघि अघि गोला बजार भन्ने चलन चलेको प्रसङ्ग पनि यहाँ भुल्न सकिँदैन। भोटतर्फको व्यापारिक मण्डी रूपका महत्त्वपूर्ण स्थलहरूमा भंसार समेत रहेका ठाउँलाई अघि–अघि गोला भनिन्थ्यो। चैनपुर पनि भोट, सिक्किम र तराईसम्मको व्यापारिक केन्द्र भएकोले यसलाई गोला बजार भनिएको हो। ताप्लेजुङ र होलुङ (ओलाङचुङ गोला) तर्फबाट र किमाथाङ्का पट्टिबाट समेत भोटे खेप व्यापारीहरू याक, झोपा तथा घोडा–खच्चर लिएर व्यापारका निमित्त चैनपुरमा आउने गर्दथे भन्ने जानकारी पाइएको छ। खासगरी नून, ऊन, चामल, पीठो, कपडा, छाला आदिको वस्तु विनिमय (Barter Exchange) प्रणालीबाट त्यहाँ व्यापार चल्दथ्यो। यही व्यापारिक महत्त्वको कारण अघि अघि सेन र किराँत हाङहरूका पालादेखि नै त्यस ठाउँमा काठमाडौं उपत्यका र आसपासका केही नेवार व्यापारीहरू गई बसोबास गर्न थालेका प्रमाणहरू पनि पाइन्छन्। चैनपुर भेकको रसिला जग्गा जमीन देखेर बाहिरका मानिसहरू पनि लालायित हुन्थे। त्यसै हुनाले त अघि सेन राजाका पालादेखि पूर्व ३ नं.तर्फ दिप्रुङको अम्बल अन्तर्गत जग्गा विर्ता पाई बसेका दहालहरू पछि चैनपुरतर्फ लहसिएर उक्त दिप्रुङको कुलागाउँ भन्ने विर्तासंग चैनपुरको माढी सट्टापट्टा गरी सट्टापट्टाको मोहर समेत लिई बसोबास गर्न पुगेका थिए। वि. सं. १८५० भन्दा पहिलेदेखि नै ३ नंबर दिप्रुङका नन्दशंकर दहाल र उनका बाबु–दाजुहरू समेत मादीमा कालावञ्जर (पर्ति पाखो जङ्गल जग्गा) आवाद गर्ने काममा लागेका थिए र पछि नन्दशंकर दहालले वि. सं. १८५२ मा श्री ५ रणबहादुर शाहबाट मोहर समेत लिई पहिलेको दिप्रुङको कुला गाउँको १४० माटो मुरी विर्ता जग्गा घर घडचारी खर्क जगर–बगर समेत छाडी त्यसको सट्टामा चैनपुर अम्बलको पूर्वतर्फ बघुवा खोल्सो, दक्षिण मुढक्या मायवा (मायाँ खोलो), पश्चिम दोभान र उत्तर पिलुवा यति ४ किल्लाभित्रको माझिटार बाहेक तथा उम्लिङ र नागी खर्कको चाहिं दस्तुर सरकारलाई बुझाउने गरी बाँकी दस वितलप सरह विर्ता स्वरूप लिएका थिए।[47]

चैनपुरको इतिहासको अध्ययनको सन्दर्भमा अघि सेनकालमा लिम्बू हाङहरूको शासन हुँदाको त्यस भेकको प्रशासनिक व्यवस्थालाई पनि थोरै प्रकाश पार्नु परेको छ। त्यस बेलाको व्यवस्थामा चयनपुर मुख्य शासन केन्द्र भए तापनि स्थानीय व्यवस्था थुम–थुम विभाजन गरेर चलाइन्थ्यो जस अनुसार लिम्बू सरदार हाङहरू अन्तर्गत जम्मा १९ थुम पल्लो किराँतमा थिए (वि. सं. १८४० को लालमोहरमा)। यी १९ थुममध्ये २ थुम सभा उत्तर र बाँकी १७ थुम सभाभन्दा दक्षिण अर्थात् पूर्वतर्फ पर्दथे। यस्तो थुमको पुरानो परिपाटीपछि शाहकालसम्म पनि चलिरहेकै थियो। पछि वि. सं. १९५२ मा यी पल्लो किराँतका १९ थुममध्ये पूर्व दक्षिणका १३ थुमलाई अलग्याएर माल अड्डा वर्तमान तेह्रथुमको सदरमुकाममा राखिएको हुनाले पछि तेन्हथुम भन्ने छुट्टै जिल्ला नै बन्न पुग्यो। राणाकालमा धनकुटा केन्द्र बन्नु अघि यी सबै इलाका चैनपुर अन्तर्गत नै पर्दथे। यसै प्रसङ्गमा हालसम्म रहेको चैनपुरको पुरानो सरकारी अड्डा इलाका अदालत (हाल जिल्ला अदालत) का विषयमा पनि संक्षेपमा उल्लेख गर्नु सान्दर्भिक हुन्छ। यसै अदालतको कारण चैनपुरलाई राणाकालमा पूर्व ६ नं पनि भनिन्थ्यो र त्यो चलन केही पछिसम्म प्रचलित रह्यो। अरूणभन्दा पश्चिमको प्रदेशलाई पूर्व ४ नं. भनेपछि सोझो हिसाबले चैनपुर ५ नं. मा पर्नु पर्ने हो। यसको कारण यो चैनपुरको इलाका अदालत धनकुटाभन्दा पूर्वको मिकलुङ पहाडमा पहिले स्थापना गरिएको थियो र पछि वि. सं. १९६१ मा

४६. वि. सं. १८७० को माथि उल्लिखित लालमोहर।

४७. वि. सं. १८५२ को सक्कल मोहरको १ प्रति फोटो जेरक्स् कपी मादीका महेशराज दहालको सौजन्यबाट यस अन्वेषकले पाएको हो।

त्यहाँबाट कारणवश चैनपुर सारिएको थियो । नम्बरका हिसाबले चैनपुर ५ र धनकुटाभन्दा पूर्व अर्थात् मिकलुङ तर्फको इलाका ६ नं. मा पर्ने हुनाले ६ नं. को इलाका अदालत ५ नं. मा पर्ने क्षेत्रमा ल्याइएको हुनाले नै चैनपुर ६ नं. हुनगएको हो । यो अदालत चैनपुरमा सार्नुभन्दा अगाडिसम्म चैनपुरको पुरानो महत्ता प्रशासनिक परिवर्तनको कारण हटाइसकेको थियो । एकातिर राणाकालदेखि धनकुटाले गौंडाको रूप लिन पुग्यो । अर्कोतर्फ तेन्हथुम छुट्याएर मालको व्यवस्था भयो । वि. सं. १९२५।३० ताकादेखि नै चैनपुरमा ठूलो सरकारी अड्डा रहन छाडेको देखिन्छ । वि. सं. १९३७ सम्म कायम रहेको एउटा सानो सरकारी अड्डालाई पनि मुलुकी अड्डाका विचारीको त्यसै साल भएको दौडाहाको प्रतिवेदन अनुसार उक्त अड्डाको आवश्यकता नभएको ठहराई खारेज गरिएको थियो भन्ने जानकारी पाइन्छ ।[48] यसरी एकपल्ट सिक्किमसम्मका नवविजित क्षेत्रको समेत सम्पूर्ण पल्लो किराँत इलाकाको शासन केन्द्र बन्न पुगेको चैनपुर वि. सं. १९५०।५५ सम्म आइपुग्दा बिलकूल शून्य अवस्थामा पुऱ्याइएको देखिन्छ । वि. सं. १९६१ मा इलाका अदालत सारिएपछि पुनः विस्तार–विस्तार चैनपुरको पुरानो अस्तित्वका केही लहरहरू देखा परे । २००७ सालताका र त्यसपछिसम्म पनि पुनः चैनपुर त्यस क्षेत्रको केन्द्रको रूपमा रह्यो । हिजोआज (पञ्चायत व्यवस्थाको प्रशासनिक क्षेत्र विभाजन र व्यवस्था अनुरूप) संखुवासभा जिल्ला भन्ने नयाँ नाम पायो चैनपुरले । यस नयाँ नामसंगै त्यस भेकको केन्द्रको रूपमा खेल्दै आएका चैनपुरको भूमिका पनि टुट्यो र संखुवासभाको सदरमुकाम बन्ने मौका पायो खाँदबारीले । अब त त्यस महान् ऐतिहासिक ठाउँको ऐतिहासिक गरिमालाई नै चैनपुरकै नयाँ पीढीले समेत बिर्सने अवस्था पक्का भैसकेको छ ।

यस चैनपुरको नाम अघि अधिका ह्यामिल्टन आदि विद्वान् लेखकहरूले विजयपुर, चौदण्डी आदि पूर्वका ठकुराईहरू सरह नै राखेर चर्चा गरेका छन् ।[49] नेपालका भाषा वंशावलीहरूमा नै पनि उक्त राज्यहरूकै पंक्तिमा चैनपुरलाई राखेको देखिन्छ ।[50] वास्तवमा विजयपुरको सेन अन्तर्गत भए पनि लिम्बूहरूको आफ्नै किसिमको शासन पद्धति चलेको र सोको केन्द्र चैनपुर भएकोले किराँत हाङहरूको मुख्य शासन केन्द्रको रूपमा चैनपुरलाई तिनताका राजधानी नै भनेपनि फरक नपर्ने स्थिति थियो ।

**सन्दर्भ स्रोत**


आचार्य, बाबुराम, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, भाग ३, काठमाडौं : प्रमुख सम्बाद सचिवालय, राजदरबार, वि. सं. २०२५ ।

गुरुङ, जगमान, **नेपालको एकीकरणमा गुरुङहरूको भूमिका**, पोखरा : श्री बौद्ध अर्घौं सदन, वि. सं. २०४१, पृ. ८८ ।

चेमजोङ, इमानसिं, **किरातकालीन विजयपुरको संक्षिप्त इतिहास**, दार्जीलिङ : नेपाली साहित्य परिषद्, ई. सं. १९७५ ।

दहाल, धरणीधर, **सिक्किमको राजनैतिक इतिहास**, गान्तोक : सुब्बा प्रकाशन, वि. सं. २०४१ ।

प्रधान, कुमार, **पहिलो पहर**, दार्जीलिङ : श्याम प्रकाशन, ई. सं १९८२ ।

योगी, नरहरिनाथ (संपा.), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, दाङ : वि. सं. २०२२ ।

राजवंशी, शङ्करमान (संपा.), **पुरातत्त्व पत्र संग्रह** भाग २, काठमाडौं : श्री ५ को सरकार, संस्कृति विभाग, वि. सं. २०१८ ।

बज्राचार्य, धनवज्र, **लिच्छविकाल अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३० ।


४८. रुद्रनाथ शर्मा, **चैनपुरको एक झलक**, चैनपुर : तेज श्रेष्ठ, वि. सं. २०१४, पृ. १९ ।

४९. एफ. बि. ह्यामिल्टन, **यान् एकाउन्ट् अफ् द किङ्डम अफ नेपाल**, ए. इ. एस. रिप्रिन्ट, १९८६, पृ. १२२ ।

५०. "...तहाँपछि काजी अभिमान सिंह वस्न्यात, रामकृष्ण कुँवरलाई विदा गरी पूर्व राज्यमा लडाईं गर्न जांदा पूर्वमा विजयपुर, चैनपुर, चौदण्डी फत्ते गरी फर्की आया ..." –**भाषा वंशावलीबाट**



मोहर संख्या १



मोहर संख्या २



मोहर संख्या ३

—— "लिच्छविकालको इतिहासमा किरांतकालको प्रभाव", **पूर्णिमा**, पूर्णाङ्क १७, वि. सं. २०२५, पृ. १–८ ।

—— "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा" **कर्णाली प्रदेश एक ऐतिहासिक अध्ययन**, जुम्ला : सामाजिक अध्ययन समुदाय, वि. सं. २०२८ ।

बज्राचार्य, धनबज्र र ज्ञानमणि नेपाल, (संपा.), **ऐतिहासिक चिठ्ठीपत्र संग्रह**, काठमाडौं : नेपाल सांस्कृतिक परिषद, वि. सं. २०१४ ।

शर्मा, रुद्रनाथ, **चैनपुरको एक झलक**, चैनपुर : तेज श्रेष्ठ, वि. सं. २०१४ ।

श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग, **प्राचीन नेपाल**, संख्या ४३–४५, संयुक्ताङ्क, पृ. १५ को ऐतिहासिक पत्र ।

ज्ञवाली, सूर्यविक्रम, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास**, काठमाडौं : रोयल नेपाल एकेडेमी, वि. सं. २०१९ ।

Chemjong, Iman Singh, *History & Culture of the Kirat People*, Part II, Kathmandu : Nepal Printing Press, 1967.

Gazetter of Sikkim, Reprint, New Delhi : Manjushri Publishing House, 1972.

Hamilton, F. B., An Account of the Kingdom of Nepal, Reprint, New Delhi : Asian Educational Service, 1986.

Kolturan, George, *The Himalayan Gateway: History and Culture of Sikkim,* New Delhi : Sterling Publishers, 1983.

Regmi, D. R., *Medieval Nepal* Part I, Calcutta : K. L. Mukhopadhyay, 1956.

Vajracharya, Dhanavajra & Kamal P. Malla, The Gopalraj Vamsavali, Franz Steiner Verlag Wiesbaden Gomb H, 1985.